घोडाघोडी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सुखड, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल

फोन नं.०९१-४०३०६४
इमेल: ghodaghodimun@gmail.com

प.सं. :- २०८०/०८१
च.नं. :- २६६३

मिति :- २०८०/१२/१३

**बिषय : निर्णय कार्यान्वयन सम्वन्धमा ।**

श्री सम्पुर्ण विद्यालयहरु
घोडाघोडी नगरपालिका, कैलाली ।

प्रस्तुत विषयमा सङ्घीय मामला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं ३८३ मिति २०८०।१२।१२ को पत्रसाथ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं.३१९ मिति २०८०।१२।०७ को प्राप्त पत्रमा सार्वजनिक विद्यालयमा निःशूल्क शिक्षा र निजी लगानीका (संस्थागत) विद्यालयमा शुल्क निर्धारण एवम छात्रवृत्ति र सोको व्यवस्थापनका लागि नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुहुन भनि माननिय मन्त्रीस्तरबाट मिति २०८०।१२।०७ गते भएको निर्णय बमोजिम लेखि आएकोले यसै साथ संलग्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको निर्देशन बमोजिम र यस नगरकार्यपालिको कार्यालयबाट मिति २०८०।१२।०८ गते जारी गरिएको निर्देशन बमोजिम गर्नु/गराउनुहुन सम्पुर्ण विद्यालयहरुमा अनुरोध छ ।

**वोधार्थ**
१२ ओटै वडा कार्यालयहरु घोडाघोडी नगरपालिका ,कैलाली (प्रभावकारी कार्यान्वयनका लागि)

खगेन्द्र बहादुर सिंह
नि.प्रमुख प्रशासकीय अधिकृत

घोडाघोडी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सुखड, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

फोन नं.०९१-४०३०६४
इमेल: ghodaghodimun@gmail.com

प.सं. :- २०८०/०८१
च.नं. :- 2936

मिति :- २०८०/१२/०८

श्री सम्पुर्ण विद्यालयहरु
घोडाघोडी नगरपालिका ,कैलाली

प्रस्तुत विषयमा यस नगरपालिका अन्तरगत सञ्चालित विद्यालयमा अध्ययनरत विद्यार्थीका अभिभावकहरुबाट तपसिल बमोजिमका विषयमा गुनासो प्राप्त गएकाले निम्नानुसार गर्नुहुन अनुरोध छ ।

**तपसिल**

१. संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुवाट सालबसाली भर्ना शूल्कको नाममा वार्षिक शूल्क लिने गरेको पाइएकोमा नयाँ भर्ना हुने विद्यार्थीहरु बाहेक अध्ययनरत विद्यार्थीहरुबाट भर्ना शुल्क नलिनुहुन ।

२. स्थानान्तरण प्रमाणपत्र/चारित्रिक प्रमाणपत्रको आधारभूत तहमा रु ५००।- र माध्यमिक तहमा रु १०००।- भन्दा बढी शूल्क नलिनुहून ।

३. पाठ्यक्रम विकास केन्द्रबाट स्विकृत पाठ्यक्रम/पाठ्यपुस्तक/पाठ्यसामग्री मात्र प्रयोग गर्नुहुन साथै संस्थागत विद्यालयले सालबसाली रुपमा पाठ्यसामग्री परिवर्तन नगर्नुहुन ।

४. वार्षिक रुपमा विद्यालय पोषाक परिवर्तन नगर्नुहुन ।

५. संस्थागत विद्यालयहरुले विद्यालय परिसरबाट तथा पसल तोकी पोषाक,टाइ वेल्ट,स्टेश्नरी खरिद तथा विक्रि वितरण नगर्नुहुन ।

६. यस नगरपालिकाले स्थानीय पाठ्यक्रम तयार गरी कार्यान्वयन समेत भैसकेकोले शै.स. २०८१ देखि अनिवार्य रुपमा सम्पुर्ण विद्यालयहरुले कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्रम "हाम्रो परिवेश" अध्यापन गराउनुहुन ।

७. सामुदायिक विद्यालयहरुले शिक्षक कर्मचारीको सेवा सुविधा वृद्धि गर्दा नगरपालिकाको अनुमति लिएर वृद्धि गर्नुपर्नेछ । आफुखुसी सेवासुविधा वृद्धि गरेमा त्यसको सम्पूर्ण जवाफदेही सम्वन्धित विद्यालयको प्र.अ.र वि.व्य.स. को अध्यक्ष हुने ।

८. सामुदायिक विद्यालयमा थप शिक्षक आवश्यकता पर्ने भएमा विद्यालयको आम्दानीको श्रोतको सुनिश्चितता विद्यार्थी शिक्षक अनुपात, विषयगत आवश्यकताका आधारमा कार्यालयको पुर्व स्विकृत लिई मात्र भर्ना गर्नुपर्ने ।

९. केहि विद्यालयहरुमा विद्यालय समय (विहान १०:०० देखि दिउसो ४:००) भित्र अतिरिक्त कक्षा लिएको भनी तलव भत्ता वाहेक थप सेवासुविधा लिनेदिने गरेको भन्ने गुनासो आएकोले नेपाल सरकारले निर्धारण गरेको विद्यालय समयभित्र शिक्षण गरेवाफत थप सुविधा लिन नपाइने कानुनी व्यवस्था अनिवार्य रुपमा कार्यान्वयन गर्नुहून ।

१०. अनिवार्य तथा निःशूल्क शिक्षा ऐन २०७५ को दफा २७ मा व्यवस्था भए बमोजिम संस्थागत विद्यालय र सार्वजनिक शैक्षिक गुठि अन्तरगत सञ्चालित विद्यालयहरुले विद्यार्थी सङ्ख्याका आधारमा १० देखि १५ प्रतिशत सम्म विपन्न तथा गरिव परिवारका विद्यार्थीहरुलाई छात्रवृत्ति उपलव्ध गराउनुपर्ने व्यवस्था भएकाले सो व्यवस्था अनिवार्य रुपमा कार्यान्वय गर्ने ।

११ आगामी शैक्षिक सत्रबाट सामुदायिक विद्यालयहरुले आफ्नो सेवाक्षेत्र भित्रका सम्पूर्ण वालवालिकाहरुलाई अनिवार्य रुपमा भर्ना गराउने र विद्यालय बाहिर नभएको सुनिश्चितताको व्यवस्थापन गर्ने ।

खगेन्द्र बहादुर सिंह
नि. प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८०/०८१

चलानी नं.:- ३८३

मितिः-२०८०/१२/१२

ने.सं.११४४ चिल्लाध्व १५

विषयः- निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री स्थानीय तह (सबै)।

प्रस्तुत विषयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं. ३१९ मिति २०८०/१२/०७ को निर्णय कार्यान्वयन सम्बन्धी पत्र संलग्न छ। विस्तृत व्यहोरा पत्रबाट अवगत गरी सोही अनुसार गर्नु/गराउनु हुन अनुरोध छ।

(आयुषी भट्टराई)
शाखा अधिकृत

बोधार्थः
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं।
श्री सूचना तथा प्रविधि शाखाः- Website मा Upload तथा E-mail मार्फत जानकारी गराइदिनु हुन।

सिंहदरबार, काठमाण्डौं फोन नं.-४२००५११/ ४२००३०४
ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np
वेबसाईटः- www.mofaga.gov.np

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
(विद्यालय शिक्षा शाखा)

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ३६५६
दर्ता मितिः- १२/८

पत्र संख्याः- २०८०/८१
चलानी नं.:- ३९९

सिंहदरबार,
काठमाडौँ, नेपाल ।

मितिः २०८०।१२।०७ गते
नेपाल सम्वत् ११४४ चिल्लाग्व, ११ बुधबार

**विषयः- निर्णय कार्यान्वयनका लागि पत्राचार गरिदिने सम्बन्धमा ।**

**श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
**सिंहदरवार, काठमाडौं ।**

प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने गरी व्यवस्था भएको संविधान प्रदत्त अधिकार र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड ज मा व्यवस्था भए बमोजिम निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति व्यवस्थापन लगायतका विषयमा संघीय सरकार र स्थानीय तहबाट जारी भएका संलग्न पानामा उल्लेख भए बमोजिमका कानूनी एवम् नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि तहाँ मन्त्रालय मार्फत् सबै स्थानीय तहमा अनुरोध गरी पठाउने भनी यस मन्त्रालय (मा. मन्त्रीस्तर) बाट मिति २०८०।१२।०७ मा निर्णय भएकोले सबै स्थानीय तहमा पत्राचार गरी सहयोग गरिदिनु हुन निर्णय अनुसार अनुरोध छ ।

२०८०/१२/०८
रामप्रसाद शर्मा
उपसचिव

फोन नं.:
वेबसाइटः www.moest.gov.np

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:-
दर्ता मितिः-

**सार्वजनिक विद्यालयमा निःशुल्क शिक्षा र निजी लगानीका (संस्थागत) विद्यालयमा शुल्क निर्धारण एवम् छात्रवृत्ति र सोको व्यवस्थापन सम्वन्धमा**

**सबै स्थानीय तहहरूलाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको अनुरोधः**

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत खण्ड (ज) आधारभूत र माध्यमिक शिक्षा तर्फ बुँदा नं १६ मा निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन सम्वन्धमा व्यवस्था भएकोले सोही बमोजिम स्थानीय तहबाट स्वीकृत कानून (मापदण्ड वा निर्देशिका वा कार्यविधि वा अन्य) समेतका आधारमा सार्वजनिक विद्यालयमा निःशुल्क शिक्षा र निजी लगानीका विद्यालयमा शुल्क निर्धारण एवम् छात्रबृत्ति वितरण सम्वन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न गराउनु हुन ।

२. अनिवार्य तथा निःशुल्क शिक्षा सम्वन्धी नियमावली, २०७७ को नियम ५ मा उल्लेख भए बमोजिम सार्वजनिक विद्यालयले माध्यमिक तहसम्म विद्यार्थी भर्ना शुल्क, मासिक पढाइ शुल्क, परीक्षा शुल्क र पाठ्यपुस्तक बापत कुनै पनि शीर्षकमा शुल्क लिन नपाउने व्यवस्थालाई सोही बमोजिम कार्यान्वयन गर्ने गराउने ब्यवस्था हुन ।

३. अनिवार्य तथा निःशुल्क शिक्षा सम्वन्धी ऐन, २०७५ को दफा २७ को उपदफा (३) मा उल्लेख भए बमोजिम प्रत्येक निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालयले प्रारम्भिक बालबिकास तथा शिक्षादेखि बाह्र कक्षासम्मका पाँच सय जनासम्म विद्यार्थी भएका विद्यालयले कम्तिमा दश प्रतिशत, पाँच सयदेखि आठ सय जनासम्म विद्यार्थी भएका विद्यालयले कम्तिमा बाह प्रतिशत र आठ सयभन्दा बढी विद्यार्थी सङ्ख्या भएका विद्यालयले कम्तीमा पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था कार्यान्वयन गर्ने गराउने ब्यवस्था हुन ।

४. अनिवार्य तथा निःशुल्क शिक्षा सम्वन्धी नियमावली, २०७७ को नियम ११ र १२ मा उल्लेख भए अनुसार स्थानीय तहका अध्यक्ष वा प्रमुखको अध्यतामा छात्रवृत्ति व्यवस्थापन समिति गठन र तोकिए बमोजिमको प्रक्रिया पूरा गरी नियमानुसार प्रदान गरिने छात्रवृत्ति र विशेष व्यवस्था तथा अवसर प्राप्त गर्ने बालबालिकाको पहिचान, छनौट तथा वितरणको उचित व्यवस्थापन र सोको अनुगमन गर्ने गराउने व्यवस्था हुन ।

५. शिक्षा नियमावली, २०५९ को नियम १४७ को उपनियम २ सँग सम्वन्धित अनुसूची २२ को खण्ड (ख) ले तोकेका शुल्क निर्धारणका आधारहरुको प्रयोग गरी नियम १४७ को उपनियम (२), (३), (४) र (५) अनुसार निजी लगानीका (संस्थागत) विद्यालयको शुल्क निर्धारण गर्ने गराउने व्यवस्था हुन ।

६. निजी लगानीका (संस्थागत) विद्यालयहरुले शिक्षा नियमावली २०५९ को नियम १४६ ले तोकेका शीर्षक (मासिक पढाइ, वार्षिक, अर्ना, परीक्षा, कम्प्युटर, स्थानान्तरण प्रमाण पत्र, विशेक्ष प्रशिक्षण, आवाशु परिवहन र भोजन शुल्क) बाहेक शुल्क लिन नपाइने हुँदा नियम १४६ का साथै संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका २०७२ को दफा १४.१ अनुसार शुल्कको अधिकतम सीमा, कायम गरी तोकिए बमोजिम शुल्क निर्धारण गर्ने गराउने ब्यवस्था कार्यान्वयन हुन ।

७. विद्यालयहरुले आफ्ना विध्यार्थीहरुलाई विध्यालय परिसर भित्रै वा विद्यालयले तोकेको स्थान/पसलबाट पुस्तक, स्टेशनरी, पोशाक लगायतका सामग्री खरिद गर्न अनिवार्य गर्ने गरेको जनगुनासो प्राप्त हुन आएकोले यस खालको कार्य अविलम्व बन्द गरी अभिभावकलाई खुला बजारबाट खरिद गर्ने अवसर प्रदान गर्ने गराउने ब्यवस्थाका लागि आवश्यक सहजीकरण हुन ।

८. विद्यालयहरुले प्रदान गर्ने छात्रवृत्ति र संस्थागत विद्यालयको शुल्क सम्बन्धी विवरण तथा सोको कार्यान्वयनको अवस्था बारे स्थानीयस्तरमा सम्बन्धित गाउँ तथा नगरपालिकाबाट र जिल्लास्तरमा अनुगमनको व्यवस्था हुन ।

९. शुल्क र छात्रवृत्तिको विवरण सम्बन्धित विद्यालय र गाउँ तथा नगरपालिकाबाट वेबसाइट वा अरू माध्यमबाट सार्वजनिक गर्न हुन ।

१०. उल्लिखित विषयलाई विद्यालयको मूल्याङ्कनको आधार बनाउन हुन ।

२०८०/१२/०४